जनकपुर टुडे
छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ४२ • २०८३ साल आषाढ १७ गते बुधबार (1 July, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

# होटल-रेस्टुरेन्टमा निगरानी गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । होटल तथा रेस्टुरेन्टहरूमा खानाको गुणस्तर सुधार गर्न र नागरिकका गुनासाहरू जिल्ला तहबाटै तत्काल सम्बोधनका लागि गृहमन्त्रालयले धनुषासहित ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई विशेष निर्देशन जारी गरेको जनाएको छ ।

मन्त्रालयले सबै प्रमुख जिल्ला अधिकारीहरूलाई परिपत्र गर्दै बजार अनुगमन र प्रशासनिक जबाफदेहितामा कडाइ गर्न निर्देशन दिएको छ ।

देशभरका होटल तथा रेस्टुरेन्टहरूमा खानाको गुणस्तर र स्वच्छता निकै कमजोर, गुणस्तरहीन रहेको भन्दै सर्वसाधारणबाट गुनासो आएपछि गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन जारी गरेको छ ।

होटल तथा रेस्टुरेन्टहरूले प्रदान गर्ने खानाको स्वच्छता र गुणस्तर सम्बन्धमा नियमित, सघन र आकस्मिक अनुगमन गर्न निर्देशन दिएको छ ।

अनुगमनलाई केवल प्रक्रियामा मात्र सीमित नराखी परिणाममुखी बनाउन र नागरिकको स्वास्थ्यमा प्रत्यक्ष प्रतिकूल असर पुर्‍याउने वा कानुन उल्लङ्घन गर्ने पक्षलाई हदैसम्मको कडा कारबाही गर्न भनिएको छ ।

आम नागरिकका गुनासाहरू सहजै दर्ता गर्न र तिनको तत्काल समाधान गर्न प्रत्येक जिल्ला प्रशासन कार्यालयमा हटलाइन वा द्रुत सेवा डेस्क स्थापना गर्न निर्देशन दिइएको छ । नागरिक स्तरबाट प्राप्त हुने प्रत्येक गुनासोलाई उच्च प्राथमिकतामा राखी तत्काल समाधान खोज्न मन्त्रालयले स्पष्ट पारेको छ ।

सानातिना विषय र स्थानीयस्तरका समस्या समाधानका लागि पनि नागरिकहरू केन्द्र वा मन्त्रालयसम्म धाउनुपर्ने स्थितिको पूर्ण रूपमा अन्त्य गर्न सिडिओहरूलाई निर्देशन दिइएको छ ।

मन्त्रालयले जिल्लाको कार्यसम्पादनलाई प्रत्यक्ष सुपरीवेक्षण गर्ने जनाएको छ । कार्यसम्पादनका क्रममा कुनै पनि किसिमको अक्षमता वा उदासीनता प्रस्तुत नगर्न मन्त्रालयले सचेत गराएको छ । विधिको शासन कायम गर्न र नागरिक केन्द्रित शासनको साख जोगाउन स्थानीय प्रशासनले पूर्ण व्यावसायिकता देखाउनुपर्ने मन्त्रालयले अपेक्षा गरेको छ ।

## चम्पत राय करोडौं लिएर 'चम्पत'

# अयोध्याको राम मन्दिरमा चन्दा चोरी, ससुराली जनकपुरधाममा चिन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । हिन्दूहरुको आस्थाको केन्द्र भारत उत्तर प्रदेशको अयोध्यामा अवस्थित भगवान रामको मन्दिरमा भएको चन्दा चोरीले करोडौं हिन्दूहरुको आस्थामाथि प्रहार भएको छ ।


राम मन्दिरमा भगवान रामको प्राण प्रतिष्ठा भएपछि हिन्दू श्रद्धालुहरुको ओइरो लागेको हो । भगवान रामको मन्दिरमा दर्शनका लागि श्रद्धालुहरुको लामो लाम लाग्ने गरेको छ ।

दैनिक लाखौं श्रद्धालुहरु पुग्ने अयोध्यामा भेटी पनि धेरै चढ्ने गरेको देखिन्छ । राम मन्दिरमा सुन, चाँदी, हिरा, मोती, नगदलगायतका बहुमुल्य वस्तुहरु भेटी चढ्ने गर्छ ।

राम मन्दिरमा चढने भेटीको बहुमुल्य वस्तु, नगद चोरी हुने गरेको खुलासा भएको छ । राम मन्दिर ट्रस्टका पदाधिकारीहरु नै चन्दा चोरीको भूमिकामा प्रमुख देखिएको प्रहरीले जनाएको छ ।

राम मन्दिर चढ़ावा चोरी मामिलामा एसआईटीको प्रारम्भिक जाँचमा चम्पत राय र अनिल मिश्रालाई निर्दोष बताइएको छ । एसआइटीको जाँचमा चम्पत राय र मिश्रालाई संलग्न नरहेको बताइए पनि उनीहरुले ट्रस्टको नाममा भएको जमिन खरिदमा अनुसन्धान जारी रहेको अधिकारीहरुले जनाएका छन् ।

राम मन्दिर प्रकरणमा एसआइटीले आफ्नो प्रारम्भिक जाँचमा कसैलाई पनि क्लीन चिट नदिएको प्रष्ट गरेको छ । उनीहरु लापरबाही, मन्दिर प्रबन्धन र निगरानी तन्त्र फेल भएको प्रमाणहरुको आधारमा कयौं पदाधिकारीहरुलाई दोषी देखिएको छ । यसमा राय र मिश्रको नाम पनि समावेश छ । जमिन खरिदमा भएको भारी गडबडीको पनि अनुसन्धान जारी रहेको अधिकारीहरुले जनाएका छन् ।




एसआइटीको टिमले हिरासतमा लिएका आठ जना मध्ये सात जनाको विभिन्न स्थानबाट ८० लाख भारतीय रुपैयाँ बरामद गरेको छ । जानकारहरुका अनुसार चन्दा र जमिनमा भएको गडबडीमा केही सय करोड चोरी भएको छ । राम मन्दिरमा विभिन्न संघसंस्था र व्यक्तिहरुले बहुमुल्य रत्न र नगद दान गरेका थिए । अधिकांश दानलाई 'गोप्य' राखिएको बताइएको छ ।

प्राप्त चन्दामा रहेको नगद र जिन्सीलाई मिलाउन (अडिट)गर्न एसबीआई बैंकले कर्मचारी खटाएको थियो । तर चन्दा चोरीको विषय सार्वजनिक भएपछि बैंकले आफ्ना कर्मचारीहरुलाई परिवर्तन गर्न खोजेको बताइएको छ । तर ट्रस्टले कर्मचारी फेरिने बैंकको प्रस्तावलाई स्वीकृति नदिएको बताइएको छ ।

जग्गा घोटाला झन् भयानक रहेको बताइएको छ । आप पार्टीका राज्यसभा सांसद सञ्जय सिंहले सार्वजनिक गरेको तथ्यांकमा दुई करोडमा खरिद गरिएको जग्गा हप्ता दिन भित्रै ट्रस्टले ५५ करोडमा खरिद गरिएको देखिएको छ । यस्ता कयौं कित्ता जमिनमा गडबडी गरिएको छ ।

अयोध्या र जनकपुरधामबीच रहेको त्रेता युगकालीन सम्बन्धल जनकपुरधाममा चासो र चिन्ता बढाएको छ । ट्रस्टका महासचिव चम्पत राय जनकपुरधाम जानकी मन्दिरसित जोडिएका पदाधिकारी हुन् । रामजानकी विवाहमहोत्सवको पावन अवसरमा अयोध्याबाट आउने विशेष जन्तीको नेतृत्व रायले गर्थे ।

उनी जनकपुरधाम आइरहने रामन्दिर ट्रस्टका महासचिव हुन् । सयौं करोडको बहुमुल्य रत्न र नगद चोरीमा संलग्न रायको क्रियाकलापप्रति जनकपुरधामवासी दुखित भएका छन् ।

राम मन्दिरको आडमा लुट्ने राय लगायतको समूहले करोडौं हिन्दू श्रद्धालुहरुको भावनामाथि ठेस पुऱ्याएको सञ्चारकर्मी श्यामसुन्दर शशीले जनाएका छन् । 'रायलाई जनकपुरधाममा विशिष्ट अतिथिको सम्मान थियो' उनले भने, उनको संलग्नता नेपालमा पनि रहेको त छैन भन्न सकिदैन ।

लामो समय भगवान रामलाई मुसलमानहरुको मस्जिदमा कैद गरिएको थियो । सयौं कार सेवक (हिन्दू स्वयंसेवक) हरुको बलिदानबाट मस्जिद भत्काइएको थियो । त्यसपछि कडा सुरक्षा घेराबीच टेन्टमा वर्षौ बिताएपछि भगवान रामको जन्मभूमिमा सर्वोच्च अदालतको फैसलाले भव्य मन्दिर निर्माण भयो ।

तर भगवानकै घरमा अति गर्न थालेपछि भण्डाफोर भएको छ । हिन्दूहरु माझ श्रद्धेय बनेका चम्पत राय र मिश्राले समूह बनाएर गरेको चोरीले धेरैको शीर निहुरिएको छ ।

भगवान रामको ससुरालीमा चोरिएको सम्पूर्ण सम्पती फिर्ता गराउनेदेखि दोषीहरुलाई कडा कारबाही हुनुपर्ने माग गरिएको छ । समाजसेवी एवं धर्म प्रचारक जगदीश महासेठले राम मन्दिरमा भएको चन्दा चोरीले नेपालको मन्दिरमा पनि विशेष निगरानी गर्नुपर्ने आवश्यक देखिएको बताएका छन् ।

# मधेश प्रति विभेद गरेको भन्दै मुख्यमन्त्री यादवको गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको विकास तथा समस्या बारे मुख्यमन्त्री कृष्णप्रसाद यादवले संघीय अर्थमन्त्री स्वर्णिम वाग्ले र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलसंग अलग अलग रुपमा भेटघाट गरी छलफल गरेका छन् ।



काठमाण्डुमा मंगलबार सम्बन्धित मन्त्रालयमै मन्त्रीद्वयसंग मुख्यमन्त्री यादवले मधेश प्रदेश व्याप्त कृषि समस्या र बजेटमा गरिएको विभेद बारे कुरा राखेका छन् । इटली सरकारद्वारा मधेश प्रदेशका निम्न वर्गका कृषकहरुका लागि प्रस्तावित परियोजना बारे परिपत्र प्रक्रिया अघि बढाइन दिन कृषि मन्त्री रावल र राजश्व कर सम्बन्धमा अर्थमन्त्री स्वर्णिम वाग्लेसंग छलफल गरेका छन् ।

अर्थमन्त्री वाग्लेसंग मुख्यमन्त्री यादवले बजेट र राजश्व संकलनमा मधेश प्रति विभेद गरिएको भन्दै भारतीय गाडीहरुलाई नेपाल भित्र आउन इजाजतका लागि सीमामा गरिएको अनलाइन दर्ताले निकै समस्या भइरहेकाले तत्काल सुधार गर्न माग गरेका छन् ।

भेटघाटको क्रममा उनीहरूबीच स्थानीय तहमा देखिएका समस्या समाधान तथा संघ-प्रदेश-स्थानीय तहबीचको समन्वयलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको छ ।

भेटघाटमा स्थानीय तहमा कर्मचारी व्यवस्थापन, दरबन्दी मिलान, बजेट तर्जुमा तथा अन्य चुनौतीका विषयमा छलफल भएको मन्त्रीको सचिवालयले जनाएको छ । सो भेटमा मुख्यमन्त्री यादवले स्थानीय तहमा देखिएका समस्याबारे जानकार रहेको उल्लेख गर्दै समस्या समाधानमा प्रदेश सरकारका तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

मन्त्री रावलले स्थानीय तहको बजेट तर्जुमा प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन मन्त्रालयले तीन जना सहसचिवको नेतृत्वमा टोली परिचालन गरी स्थलगत सहजीकरण तथा समन्वय गरेको जानकारी दिइन् । मुख्यमन्त्री यादवको मागलाई सकारात्मक रुपमा लिँदै मन्त्रीद्वयले साउन महिनामै जनकपुरधाममै आएर निरीक्षण गरी समस्या बारे जानकारी लिने प्रतिबद्धता व्यक्त गरेको उनको भनाइ छ ।

सो टोलीले पालिका प्रमुख, उपप्रमुख तथा सम्बन्धित पदाधिकारीसंग छलफल गरी स्थानीय तहका समस्या, आवश्यकता र चुनौतीबारे स्थलगत विवरण संकलन गरेको थियो ।

स्थानीय तहका समस्या समाधानका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री रावलले स्थानीय सरकारलाई थप व्यवस्थित, प्रभावकारी र नागरिकमुखी बनाउन आवश्यक पहललाई निरन्तरता दिने बताए । सो भेटघाटमा मन्त्रालयका सचिव, सहसचिव, प्रतिनिधिसभा सदस्य रहबर अन्सारीलगायतको उपस्थिति रहेको थियो ।

# सिल प्याक पानीको बोतलमा छेपारो !

**टुडे समाचारदाता**

लहान । सिरहामा एक होटेलमा उपभोक्तालाई सिल प्याक गरिएको बोतल दिँदा सो बोतलभित्र छेपारो भेटिएको छ ।

सिरहाको लहानस्थित न्यू भान्जा होटलमा बिक्रीका लागि राखिएको ऋषि जल नामक सिल प्याक पानीको बोतलभित्र छेपारो भेटिएको छ ।

पानीको बोतलमै छेपारो भेटिएपछि 'ऋषि जल' नामक प्रशोधित पानी उत्पादन गर्ने केबी एण्ड सन्स नेपाल कम्पनीलाई इलाका प्रशासन कार्यालय लहानले दुई लाख रुपैयाँ जरिवाना गरेको छ ।

इलाका प्रशासन कार्यालयले जनाए अनुसार गत असार १० गते लहान नगरपालिका- ३ मा रहेको न्यू भान्जा होटलमा उक्त कम्पनीले वितरण गरेको पानीको बोतलभित्र छेपारो देखिएको थियो ।




सो विषयमा उपभोक्ताबाट फोनमार्फत गुनासो गरेपछि कार्यालयबाट टोली खटाएर तत्काल अनुगमन गरेको थियो । सो अनुगमनका क्रममा कम्पनीले अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको र मानव स्वास्थ्यमा गम्भीर खेलवाड गरेको पाइएको थियो । प्रशासनले कम्पनीलाई उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारबाही गरेको छ ।

उक्त कम्पनीको पानीबारे अन्य गुनासा समेत प्राप्त भइरहेको भन्दै स्थानीय प्रशासनले कम्पनी सञ्चालकलाई कार्यालयमै बोलाएर सचेतसमेत गराएको जनाएको छ । प्रशासनले बजारमा पठाइएका ती खराब ब्याचका 'ऋषि जल' नामक पानीका सम्पूर्ण बोतल तत्काल बजारबाट फिर्ता लिन सञ्चालकलाई निर्देशन दिएको बताइन्छ ।

आगामी दिनमा यस्ता गल्ती दोहोरिएमा कानुन बमोजिम थप कडा कारबाही हुने चेतावनी समेत दिइएको बताइएको छ । मानव स्वास्थ्यसंग प्रत्यक्ष जोडिएको पिउने पानीमै यस्तो चरम लापरबाही भेटिएपछि प्रशासनले आम उपभोक्तालाई सचेत रहन अपिलसमेत गरेको छ ।

कुनै पनि उपभोग्य वस्तु खरिद तथा उपभोग गर्दा सचेतता अपनाउन र वस्तुमा कुनै त्रुटि वा खराबी देखिएमा तत्काल जानकारी गराउनका लागि स्थानीय प्रशासनले आग्रह गरेको छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लक्ष्य तर्फ बढदै सरकार

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) नेतृत्वको सरकार लक्ष्य तर्फ बढिरहेको छ ।सरकारले सय दिनको सय कार्यक्रमहरु कार्यान्वयनको क्रममा रहेको छ ।केहि कार्यक्रमहरु कार्यान्वयन भएको छ ।केहि कार्यान्वयन हुने क्रममा छ ।रास्वपाले बिगतमा नै निर्धारण गरेको लक्ष्य प्राप्ति तर्फ बढिरहेको छ ।रास्वपाको हालै सम्पन्न पहिलो महाधिवेशनबाट प्रदेश संरचना खारेज र स्थानीय तहको संख्यामा तीन तिहाई कटौत ागर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरेको छ ।रास्वपाले पारित गरेको त्यो प्रस्तावको विपक्षी दलहरुले आलोचना गर्न थालेका छन् ।विपक्षी दलहरुले संघीयता खारेजी कुनै हालतमा हुन नदिने दृढता व्यक्त गरिरहेका छन् ।उनीहरुले संघीयता कसैको कृपाबाट प्राप्त नभएकोले रास्वपाले चाहँदैमा समाप्त भइहाल्ने विषय नभएको बताइरहेका छन् ।रास्वपाले महाधिवेशनबाट प्रदेश संरचना खारेज र स्थानीय तहको संख्यालाई एक तिहाई घटाएर निर्दलीय बनाउने निर्णय गरेपछि मात्र विपक्षी दलहरु तातेका छन् ।विपक्षी दलहरुले रास्वपाको संघीयता, प्रदेश र स्थानीय तह सम्बन्धी निर्धारण गरेको लक्ष्यलाई समयमै नबुझेको हो ।रास्वपाले यो लक्ष्य यस अघिको निर्वाचनताका नै सार्वजनिक गरिसकेको थियो ।हुनत रास्वपाका केहि नेताहरुले प्रदेश संरचना खारेज हुँदैमा संघीयता समाप्त हुने तर्कमा सत्यता नरहेको प्रष्टिकरण दिइरहेका छन् ।रास्वपाले महाधिवेशनबाट निर्णय गरेको राज्य संरचना सम्बन्धी निर्णयमध्येको दुई प्रमुख विषय मध्ये विपक्षमा रहेका केहि दलहरुले प्रदेश सरकार खारेज हुनुपर्नेमा नै छन् ।केहि विपक्षी दलहरुले स्थानीय तहको संख्यालाई घटाएर निर्दलीय रुपमा चुनाव गराउनु पर्ने पक्षमा धारणा राख्दै आएका छन् ।चार वर्ष पूर्व प्रतिनिधि सभा र प्रदेश सभाको एकसाथ भएको चुनाव भन्दा थोरै समय पूर्व रास्वपाको स्थापना भएको थियो ।सो चुनावमा रास्वपाले भने प्रदेशमा उम्मेदवारी दिएको थिएन् ।प्रतिनिधि सभामा रास्वपाले राम्रो प्रदर्शन गरेका थिए ।वर्तमान प्रधानमन्त्री बालेन्द्र शाह(बालेन) काठमाण्डु महानगरपालिकाको मेयर रहेको अवस्थामा पनि मतदान गर्न जाँदा उनले प्रतिनिधि सभा सदस्यका लागि मतदान गरे ।तर प्रदेश सभाका लागि मतदान गरेनन् ।रास्वपाको नीति र तत्कालिन मेयर बालेन शाहको नीति चार वर्ष पूर्व नै मिलेको थियो ।प्रदेशसभाको सम्बन्धमा रास्वपाले यस अघि नै प्रयोग गरिसकेको छ ।प्रधानमन्त्रीले त मतदान नै नगरी आफ्नो आक्रोश तत्कालिन मतदानमा व्यक्त गरेका थिए ।अहिले त्यै विषयलाई लिपिबद्धगरि पार्टीको राष्ट्रिय महाधिवेशनबाट पास गरेपछि विपक्षी दलहरुले बिरोध गरिरहेका छन् ।रास्वपाकापनि केहि सांसद र मधेश केन्द्रित नेताहरुले प्रादेशिक संरचना खारेजको पक्षमा छैनन् ।प्रादेशिक संरचनालाई खारेज गर्न नहुने विषयलाई मधेशी केन्द्रित दलहरुले जोडदार ढंगले उठाइरहेका छन् ।

# संसारलाई गति दिने यात्राको द्विशतवार्षिकी



सुरेन्द्र नेपाल श्रेष्ठ

हालै बेलायतको रेल नेटवर्कमा भएको एउटा दुर्घटनाले रेल सुरक्षाको मुद्दालाई फेरि एकपटक बहसको केन्द्रमा ल्याएको छ। यो घटना बेलायतको रेल दुर्घटनाको लामो इतिहाससँग पनि जोडिएको छ, जहाँ विगतमा भएका ठूला दुर्घटनाहरूले सुरक्षा प्रणालीमा महत्त्वपूर्ण सुधार ल्याउन भूमिका खेलेका थिए।

बेडफोर्ड नजिकै व्यस्त समयमा दुईवटा यात्रुवाहक रेल आपसमा ठोक्किँदा एक चालकले ज्यान गुमाउनु परेको छ भने ८० भन्दा बढी यात्रु घाइते भएका छन्, जसमध्ये कतिपयको अवस्था अझै नाजुक छ। सुरुवाती अनुसन्धानले सिग्नल प्रणाली वा चेतावनी संयन्त्रमा केही गल्ती भएको संकेत गरे पनि यसको विस्तृत छानबिन भने ब्रिटिश ट्रान्सपोर्ट पुलिस र रेल दुर्घटना अनुसन्धान शाखाले गरिरहेको छ।

बेलायतको रेल प्रणालीलाई विश्वकै सुरक्षित मानिए तापनि यसको इतिहास गम्भीर दुर्घटनाहरूले भरिएको छ। सन् १९८८ को क्लाफम जंक्शन दुर्घटना सबैभन्दा दुखद घटनामध्ये एक थियो, जसमा ३५ जनाले ज्यान गुमाएका थिए। त्यसपछि मात्र सिग्नल र सुरक्षा व्यवस्थामा व्यापक सुधार गरियो। त्यसैगरी, सन् २००१ को सेल्बी दुर्घटनामा एउटा कार रेल ट्र्याकमा खस्दा दुई उच्च गतिको रेल ठोक्किएर १० जनाको मृत्यु भएको थियो। यो घटनाले सडक-रेल सुरक्षा र चालकको थकान व्यवस्थापन जस्ता विषयलाई विशेष प्राथमिकता दिन बाध्य बनायो।

पछिल्लो समय ठूला दुर्घटनाहरू त कम भएका छन्, तर सानातिना प्राविधिक समस्या र 'नजिकै हुन पुगेका दुर्घटना'का घटनाहरू भने अझै आइरहन्छन्। यसले के स्पष्ट पार्छ भने प्रविधि जतिसुकै उन्नत भए पनि नियमित मर्मत, सही मानवीय निर्णय र निरन्तर लगानीको आवश्यकता सधैँ रहन्छ। बेलायतको रेल इतिहासले सुरक्षामा सुधार भए पनि नयाँ चुनौतीहरू आइरहन्छन् र त्यसको निरन्तर निगरानी गर्नु अनिवार्य छ भन्ने पाठ सिकाउँछ।

बेलायतको रेल सेवाको इतिहास केवल यातायातको विकास मात्र होइन, यो आधुनिक सभ्यताको परिवर्तनको एउटा जीवन्त कथा पनि हो। सन् १८२५ मा स्टकटन डार्लिङ्टन रेलवे लाइनबाट पहिलोपटक यात्रु बोकेर रेल गुड्दा मानव इतिहासले नै नयाँ मोड लियो। शिल्डन, डार्लिङ्टन र स्टकटन अन टीजस्ता ठाउँहरूलाई जोड्ने त्यो सुरुवाती मार्गले तत्कालीन समाजलाई छक्क पार्ने काम गरेको थियो।

आजको युगमा ४०-५० किलोमिटरको यात्रा गर्न आठ घण्टा लाग्नु सुस्त लाग्न सक्छ, तर त्यो समयमा यो एउटा चमत्कार थियो। रेल केवल यात्राको माध्यम मात्र नभएर औद्योगिक युगको एक शक्तिशाली प्रतीक पनि थियो। 'रेलवेका पिता' मानिने जर्ज स्टीफेन्सनले 'लोकोमोसन नम्बर १' मार्फत रेल यात्रालाई व्यवहारिक बनाए भने उनका छोरा रोबर्ट स्टीफेन्सनले यस इन्जिनियरिङलाई विश्वभर फैलाउन ठूलो योगदान दिए।

यही ऐतिहासिक गौरवलाई सम्मान गर्दै बेलायतले सन् २०२५ मा रेल सेवाको २०० वर्ष पूरा भएको अवसरमा 'रेलवे २००' उत्सव मनायो। यो उत्सव विगतको सम्झना मात्र थिएन, बरु रेललाई भविष्यको आधारका रूपमा प्रस्तुत गर्ने एउटा अवसर पनि थियो। देशभर आयोजित विभिन्न कार्यक्रमहरूले रेललाई मानिसको जीवनशैली, शिक्षा र प्रविधिसँग जोड्ने काम गरे।

पुराना रेलमार्गहरूलाई पर्यटनका लागि पुनर्जीवित गरियो भने विद्यालयहरूमा रेलको इतिहास र इन्जिनियरिङका बारेमा विशेष जानकारी दिइयो। यस उत्सवको सबैभन्दा रोचक पक्ष 'ट्रेवलिङ एक्जिबिसन ट्रेन' थियो। यो एक प्रकारको हिँड्डुल गर्ने संग्रहालय जस्तै थियो, जसले देशभर घुमेर मानिसहरूलाई रेलको विकासक्रम देखाउँथ्यो। यसका विभिन्न डब्बाहरूमा रेलको विगत, आधुनिक प्रविधि र डिजिटल भविष्यका बारेमा जानकारी दिइएको थियो, जसले मानिसहरूलाई रेलको भित्री संयन्त्र र सिग्नल प्रणाली बुझ्ने मौका दियो।

वर्तमान बेलायती रेल प्रणाली निकै व्यवस्थित छ। यहाँ ३० भन्दा बढी निजी ट्रेन अपरेटर कम्पनीहरूले आ-आफ्नो क्षेत्रमा सेवा दिइरहेका छन्। जस्तै, लन्डन नर्थ इस्टर्न रेलवेले लन्डन र उत्तर-पूर्वी मार्गको व्यवस्थापन गर्छ भने अभान्ती वेस्ट कोस्टले लन्डन, म्यानचेस्टर र ग्लास्गोबीचको सेवा दिन्छ। यद्यपि, सबै रेल ट्र्याक, स्टेशन र सिग्नल प्रणालीको मुख्य व्यवस्थापन भने सरकारी स्वामित्वको 'नेटवर्क रेल' ले गर्छ। यसको अर्थ बेलायतको रेल प्रणाली 'निजीक्षेत्रद्वारा सञ्चालित तर, सार्वजनिक पूर्वाधारमा आधारित' छ। यसका साथै, डीबी कार्गो यूके र फ्रेटलाइनर जस्ता कम्पनीहरूले मालसामान ढुवानी गरेर देशको औद्योगिक आपूर्ति श्रृंखलालाई चलायमान बनाइरहेका छन्।

बेलायतको रेल इतिहासमा लन्डन अन्डरग्राउन्डको आफ्नै विशेष महत्त्व छ। सन् १८६३ मा सुरु भएको यो संसारकै पहिलो भूमिगत रेल सेवा हो। लन्डनको बढ्दो जनसंख्या र ट्राफिक समस्या समाधान गर्न सुरु गरिएको यो प्रणालीमा सुरुमा स्टीम इन्जिन प्रयोग गरिन्थ्यो, तर पछि धुवाँ र गर्मीका कारण विद्युतीय प्रणाली अपनाइयो।

आज 'द ट्युब' भनेर चिनिने यो प्रणाली ११ वटा लाइन र २७० भन्दा बढी स्टेशनहरू मिलेर बनेको छ, जहाँ दैनिक करिब ३० लाख मानिस यात्रा गर्छन्। दोस्रो विश्वयुद्धको समयमा त यी भूमिगत स्टेशनहरू केवल यातायातका लागि मात्र नभई बमबारीबाट बच्नका लागि सुरक्षित आश्रयस्थलका रूपको पनि प्रयोग भएका थिए।

हजारौँ मानिसहरूले यिनै स्टेशनहरूमा शरण लिएर आफ्नो ज्यान जोगाएका थिए। यसरी बेलायतले एउटा देशव्यापी राष्ट्रिय रेल नेटवर्क र अर्को राजधानी केन्द्रित भूमिगत प्रणालीको माध्यमबाट आफूलाई एक 'निरन्तर गतिशील राष्ट्र'को रूपमा स्थापित गरेको छ। रेलको विकास र बेलायतको औद्योगिक क्रान्ति एक-अर्कासँग नजिकबाट जोडिएका छन्।

१९औँ शताब्दीमा जब कोइला, फलाम र कारखानाहरूको लहर चलिरहेको थियो, तब सामान ओसारपसार गर्न छिटो र भरपर्दो यातायातको निकै खाँचो थियो। रेलले त्यही आवश्यकतालाई पूरा गऱ्यो। खानीदेखि बन्दरगाहसम्म र गाउँदेखि सहरसम्म रेलको पहुँच पुग्दा बेलायतको अर्थतन्त्रले नयाँ उचाइ लियो र यो विश्वकै पहिलो औद्योगिक शक्तिका रूपमा उदय भयो। रेलले व्यापार मात्र बढाएन, यसले समाजको स्वरूप पनि बदलिदियो।

रोजगारीको खोजीमा मानिसहरू गाउँ छोडेर सहरतिर सर्न थाले, नयाँ श्रम बजारहरू खुले र टाढा-टाढाका क्षेत्रहरू नजिक हुन थाले। आजको बेलायतमा रेल सेवा निकै आधुनिक र प्रविधिमैत्री छ। युरोस्टार जस्ता सेवाले लन्डनलाई पेरिस, ब्रसेल्स र एम्स्टर्डम जस्ता सहरहरूसँग सिधै जोडिदिएको छ।

५० किलोमिटर लामो समुद्रमुनिको 'चान्नेल टनेल' त विश्वकै एक ठूलो इन्जिनियरिङ चमत्कार हो, जसले रेल यात्रालाई निकै सहज बनाएको छ। रेल यात्रा भनेको केवल एक ठाउँबाट अर्कोमा पुग्नु मात्र होइन, यो त एउटा सांस्कृतिक अनुभव पनि हो। लेखक टम चेसहायरका अनुसार रेल यात्रा भनेको 'बाहिरी संसारलाई हेर्दै गरिने एक सुस्त र आनन्ददायी यात्रा' हो।

स्कटल्यान्डको इन्भरनेसदेखि थर्सोसम्मका प्राकृतिक दृश्य होस् वा कर्नवालको समुद्री किनार, रेलको झ्यालबाट देखिने दृश्यले यात्रालाई अविस्मरणीय बनाउँछ। बेलायतको रेल प्रणालीमा सुधार त भइरहेको छ, तर चुनौतीहरू भने अझै कम भएका छैनन्। महँगो भाडा, पुरानो पूर्वाधार, बारम्बार हुने हडताल र निजीकरणका विवादले गर्दा सर्वसाधारणले अझै पनि निकै सास्ती भोग्नु परिरहेको छ। यद्यपि, सरकार र निजीक्षेत्रको सहकार्यमा अहिले डिजिटल टिकटिङ, हरित ऊर्जा र स्मार्ट रेल प्रणाली जस्ता आधुनिक सुविधाहरू भित्र्याउने प्रयास भइरहेका छन्।

भविष्यमा रेल प्रविधिमा अझ ठूलो परिवर्तन आउने देखिन्छ। हाइड्रोजन इन्धन, इलेक्ट्रिक बुलेट ट्रेन, स्वचालित प्रणाली र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोगले रेल यात्रालाई झनै सुरक्षित र वातावरणमैत्री बनाउनेछ। यसरी रेल केवल यात्रा गर्ने माध्यम मात्र नभई जलवायु परिवर्तनविरुद्धको लडाइँमा एउटा सशक्त आधार बन्नेछ।


# भूमि प्रशासन कार्यालय, गौर, रौतहट

## नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स. पचरुखी वडा -३ हाल दुर्गा भगवती गा.पा.-४ मा बस्ने रामधारी कापडको छोराबुहारी सीताराम रायको छोरी महन्थ कापड यादवको पत्नि सुन्दर देवी यादवनी र जिल्ला रौतहट साविक गा.वि.स.सखुअवा वडा नं.४ हाल माधव नारायण न.पा.-३ मा बस्ने मखन राय यादवको नाति सरफलाल प्रसाद यादवको छोरा विनोद कुमार प्रसाद यादव समेत-२ जनाले आफ्नो बुवा/आमापट्टिको हजुरबुवा नाता पर्ने भुखल राय यादवको नाति दुलाल राय यादवको छोरा सिताराम ग्वारको नाउँमा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको नामसारी गरी पाउँ भनी माँग गरेकोमा मोठ भिडान हुदाँ सिताराम ग्वारको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते नरही दर्तावालको नाम सिताराम ग्वार, सिताराम राय यादव र सिताराम राय फरक फरक नाम रहेको साथै दा.खा.मि.नं.११९८ मिति-०५९/०१/०५ गतेमा मोठभिडेको भनी मोठ फाँटबाट लेखिआएको साथै यमुनामाई गा.पा.-५ को चलानी नं.८१७ मिति २०८३/०२/२८ गतेको सिफारिसमा हकवाला सुन्दर देवी यादवनी र विनोद कुमार प्रसाद यादवको नाउँमा संयुक्त नामसारी गरिदिने भनि किटानी सिफारिस साथै यमुनामाई गा.पा.-५को चलानी नं.८५० मिति-२०८३/०३/११ गतेको हकभोग सिफारिस समेत भै आएकोमा सोको माँग बमोजिम नामसारी सम्वन्धि हकदावी बारे सम्वन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०३/११ गतेको आदेशा बमोजिम सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा.मि.नं.११९८ मिति-२०५९/०१/०५ भिडेको कट्टा माग बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | झुनखुनवा | ८ | १६७ | ०-२-१५ | सिताराम ग्वार झुनखुनवा-८ मात्र। |



क.र.का.दर्ता नं. : ९६८६७/०६९/०७०

# महुली लघुवित्त वित्तीय संस्था लिमिटेड

## MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालयः अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी, फोन नं.: ०३१-४११००५

Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

## ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०३/१७ गते

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण बापत धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।
साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

| शाखाको नाम | बिवरण | नाम | नागरिकतान. | नागरिकता जारी मिती/जारीजिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पति/वुवा | ससुरा/बाजे |
|---|---|---|---|---|---|---|---|---|
| वरमझीया, धनुषा | ऋणीको बिवरण | **जगतारण कु. केवट** | ५२२४३१४५, धनुषा | २०४४।११।६ | लवटोली गा.वि.स.-३, धनुषा | न.पा.गनेशमान चारनाथ-७, लवटोली, धनुषा | बुवाः हजारी कुमार केवट | |
| | जमानतकर्ताको बिवरण | रामशोभित कापर केवट | ०१७०३०४६/२७६, धनुषा | २०६४।१।८ | लवटोली गा.वि.स.-४, धनुषा | न.पा.गनेशमान चारनाथ-७, लवटोली, धनुषा | बुवाः सल्हेश कापर | |
| | ऋणीको बिवरण | **गुलाब देबी** | १७३०४२/५४७, धनुषा | २०६३।१०।२९ | गा.वि.स. रघुनाथपुर-९, धनुषा | न.पा.गनेशमान चारनाथ-११, डुमरीया, धनुषा | प्रमोद रविदास | फगुनी चमार |
| | जमानतकर्ताको बिवरण | प्रमोद रविदास | १७३०४२/१५०४, धनुषा | २०६३।१०।२३ | गा.वि.स. रघुनाथपुर-९, धनुषा | न.पा.गनेशमान चारनाथ-११ , डुमरीया, धनुषा | फगुनी चमार | |
| | ऋणीको बिवरण | **अमृता देवी दास** | १७-०१-७४-००१८१, धनुषा | २०७४।०१।०८ | न.पा.गणेशमान चारनाथ-७, धनुषा | न.पा.गनेशमान चारनाथ-७, लवटोली, धनुषा | राम अशिस दास | राजेन्द्र दास तत्मा |
| | जमानतकर्ताको बिवरण | मुसहरनी देवी तत्मा | ५२२४१०५७, धनुषा | २०४४।११।४ | लवटोली गा.वि.स.-४, धनुषा | न.पा.गनेशमान चारनाथ-७, लवटोली, धनुषा | बुवाः वल्हा तत्मा | |
| हरीपुर्वा | ऋणीको बिवरण | **राज कुमार यादव** | ४१४४००१५, सर्लाही | २०६३।०४।०९ | गा.वि.स.जिङ्गडवा-१, सर्लाही | गा.पा. पर्सा-१ जिङ्गडवा, सर्लाही | बुवाः सुरेश राय यादव | |
| | जमानतकर्ताको बिवरण | काजल कुमारी यादव | १९-०१-७५-०९७२५, सर्लाही | २०७५।०९।२६ | गा.पा.पर्सा-४, सर्लाही | गा.पा. पर्सा-१ जिङ्गडवा, सर्लाही | राज कुमार यादव | सुरेश राय यादव |
| | ऋणीको बिवरण | **देवरन देवी माझी** | १९-०१-७३-०२२६१, सर्लाही | २०७३।०२।२० | गा.वि.स. गौरीशंकर-३, सर्लाही | न.पा.ईश्वरपुर-१५, बहर्वा, सर्लाही | रामपती माझी | गनीपत माझी |
| | ऋणीको बिवरण | **पूसावती** | १०७७११७६, सर्लाही | २०४४।१२।१४ | गा.वि.स वेला-५, सर्लाही | न.पा.ईश्वरपुर-१५, बहर्वा, सर्लाही | वुवाः तेज नारायण चौधरी | |
| | ऋणीको बिवरण | **गनदेशरी देवी तत्मा** | १९३०५२/१६१५, सर्लाही | २०६४।१।१२ | गा.वि.स. गौरीशंकर-२, सर्लाही | न.पा.ईश्वरपुर-१५, बहर्वा, सर्लाही | मोहिचन दास तत्मा | |
| | ऋणीको बिवरण | **पारवती कुमारी तत्मीनी** | १९३०५२/१७६२, सर्लाही | २०६३।१२।३० | गा.वि.स. गौरीशंकर-३, सर्लाही | न.पा.ईश्वरपुर-१५, बहर्वा, सर्लाही | नवल किशोर दास तत्मा | राम सेवक दास |
| | ऋणीको बिवरण | **कविता दास तत्मा** | १९३०५२/१९४२, सर्लाही | २०६४।०१।१२ | गा.वि.स. गौरीशंकर-३, सर्लाही | न.पा.ईश्वरपुर-१५, बहर्वा, सर्लाही | दिलिपकुमार दास | राम चन्द्र दास |
| गोडैता | ऋणीको बिवरण | **राधे कुमारी देवी** | १९-०१-७५-०६४८०, सर्लाही | २०७५।०६।१५ | गोडैता न.पा वडा नं. ०५ सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | श्रीमानः राम बिनय हजारी | तेज हजार हजार |
| | जमानतकर्ताको बिवरण | राम बिनय हजारी | १९३०१६/३९, सर्लाही | २०७०।१।२९ | गा.वि.स. रामवन वडा नं. ६, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | तेज हजार हजार | |
| | ऋणीको बिवरण | **सालीना खातुन** | १९-०१-७४-०५६४४, सर्लाही | २०७४।०५।९ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | असलम मंसुर | मुनिफ मिया |
| | जमानतकर्ताको बिवरण | असलम मंसुर | १९१०१६/२४३, सर्लाही | २०६९।५।१२ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | मुनिफ मिया | |
| | ऋणीको बिवरण | **साहाना खातुन** | १९३०१६/१६, सर्लाही | २०७०।०१।२६ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | तासिर मंसुर | ढोंगा मिया |
| | जमानतकर्ताको बिवरण | तासिर मंसुर | १९३०१६/१४, सर्लाही | २०६३।१०।६ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | ढोंगा मिया | |
| | ऋणीको बिवरण | **मोलिना खातुन** | ६६७७०००४, सर्लाही | २०६३।०४।२३ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | अली अकवर मिया | सैनुल मिया |
| | जमानतकर्ताको बिवरण | अली अकवर मिया | २३२/६६७७१८७८, सर्लाही | २०४४।१२।२३ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | सैनुल मिया | |
| | ऋणीको बिवरण | **रुमैदा खातुन** | १९१०२२/२०७, सर्लाही | २०६९।१।२० | गोडैता गा.वि.स. वडा नं. ५ सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | नाजिर अलिम दर्जी | अव्दुल सतार दर्जी |
| | जमानतकर्ताको बिवरण | इरसाल आलम | १९-०१-६९-०३७९६, सर्लाही | २०६९।०४।०१ | गोडैता न.पा वडा नं. ७ सर्लाही | गोडैता न.पा वडा नं. ७ सर्लाही | नाजिर अलिम दर्जी | अव्दुल सतार दर्जी |
| | ऋणीको बिवरण | **उनकला देवी** | १९-०१-७४-०३९०४, सर्लाही | २०७४।०४।१० | गोडैता न.पा वडा नं. ५ सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | रुपलाल हजारी | ठगा हजारी दुसाध |
| | जमानतकर्ताको बिवरण | रुपलाल हजारी | १९-०१-७४-०१४१४, सर्लाही | २०७४।०२।०९ | गोडैता न.पा वडा नं. ५ सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | ठगा हजारी दुसाध | |
| | ऋणीको बिवरण | **मलभगिया देवी** | १९३०१६/३०९, सर्लाही | २०६३।१०।१० | गा.वि.स. रामवन वडा नं. ३, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | कमल हजारी | |
| | जमानतकर्ताको बिवरण | राम जुगुत पासमान | १९-०१-७४-१२८४४, सर्लाही | २०७४।१२।२४ | गोडैता न.पा वडा नं. ०५ सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | कमल हजारी | |
| | ऋणीको बिवरण | **तेतरी देवी** | १९३०१६/४०१, सर्लाही | २०६३।१०।१२ | गा.वि.स. रामवन वडा नं. ६, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | हरीवंश हजारी | शनिचर हजारी |
| | जमानतकर्ताको बिवरण | हरीवंश हजारी | ७६७७१९९१, सर्लाही | २०४६।२।३० | गा.वि.स. रामवन वडा नं. ६, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | शनिचर हजारी | |
| | ऋणीको बिवरण | **तेतरी देवी** | १९-०१-७१-०३११७, सर्लाही | २०७१।०३।३० | गा.वि.स. रामवन वडा नं. ६, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | प्रदिप हजारी | भिखर हजारी |
| | जमानतकर्ताको बिवरण | प्रदिप हजारी | १९२६/७६७७१९२६, सर्लाही | २०४४।१२।२७ | गा.वि.स. रामवन वडा नं. ६, सर्लाही | गोडैता न.पा वडा नं. ५ सर्लाही | भिखर हजारी | |
| | ऋणीको बिवरण | **यसमिन खातुन** | १९३०२२/४६, सर्लाही | २०७०।२।२३ | गा.वि.स. गोडैता वडा नं. ४, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | अव्दुला दजी | साह महमद |
| | जमानतकर्ताको बिवरण | अव्दुला दजी | १९१०२२/४४, सर्लाही | २०६४।०४।२३ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | साह महमद | |
| | ऋणीको बिवरण | **कान्ती कुमारी महतो** | १९-०१-७४-०१७७३, सर्लाही | २०७४।०२।१८ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | राम कैलाश महतो | |
| | जमानतकर्ताको बिवरण | राम कैलाश महतो | १९१०२२/२६६, सर्लाही | २०६९।०५।२८ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | राज किशोर महतो | |
| | ऋणीको बिवरण | **हलिमा खातुन** | १९३०२२/३८, सर्लाही | २०७०।२।२१ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | ओली आलम | |
| | जमानतकर्ताको बिवरण | जवु आलम | ३५७०२६२१, सर्लाही | २०५५।०९।०९ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | सफी मोहमद दर्जी | |
| | ऋणीको बिवरण | **रवसन खातुन** | ७६७७२४१३, सर्लाही | २०५९।०२।१३ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | वुवाः इद्रिस मिया | |
| | जमानतकर्ताको बिवरण | महमद हुसेन | १९१०२२/४७८, सर्लाही | २०६३।१२।२८ | गा.वि.स. गोडैता वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | इसलाम मुसलमान | |
| | ऋणीको बिवरण | **कमरुल खातुन** | ६६७७१८३५/५७५, सर्लाही | २०४५।३।७ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | मौसलीम मिया | |
| | ऋणीको बिवरण | **सेनाज खातुन** | १९३०२२/१४७, , सर्लाही | २०७०।०२।२४ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | खुरसैद आलम | दोस महमद |
| | जमानतकर्ताको बिवरण | खुरसैद आलम | १९१०२२/५०, सर्लाही | ०६७।३।८ | गा.वि.स. रामवन वडा नं. ५, सर्लाही | गोडैता न.पा वडा नं. ८ सर्लाही | दोस महमद | |
| | ऋणीको बिवरण | **सावित्री देवी** | १९३०२५/१३२८, सर्लाही | २०६३।१२।१४ | गा.वि.स. सिसौटीया वडा नं. ९, सर्लाही | गोडैता न.पा वडा नं. ११ सर्लाही | रामाकान्त राउत | प्रदिप राउत |
| | जमानतकर्ताको बिवरण | रामाकान्त राउत | ८९१४३८९५, सर्लाही | २०५३।११।१३ | गा.वि.स. सिसौटीया वडा नं. ९, सर्लाही | गोडैता न.पा वडा नं. ११ सर्लाही | प्रदिप राउत | |
| | ऋणीको बिवरण | **अनिता कुमारी मंडल** | १९३०२५/१३७४, सर्लाही | २०६३।१२।१४ | गा.वि.स. सिसौटीया वडा नं. ९, सर्लाही | गोडैता न.पा वडा नं. ११ सर्लाही | सलिन्द्र मंडल | अमिरी मंडल |
| | जमानतकर्ताको बिवरण | सलिन्द्र मंडल | १९३०२५/१०३४, सर्लाही | २०६३।१२।१२ | गा.वि.स. सिसौटीया वडा नं. ९, सर्लाही | गोडैता न.पा वडा नं. ११ सर्लाही | अमिरी मंडल | |
| | ऋणीको बिवरण | **उषा देवी कुशवाहा** | १९३०१९/१३८, सर्लाही | २०६३।१०।१९ | गा.वि.स. मधेवनगोठ वडा नं. ८, सर्लाही | गा.पा. विषु वडा नं. ३ सर्लाही | विजय कुमार कुशवाहा | वलीराम महतो |
| | जमानतकर्ताको बिवरण | विजय कु. कुशवाहा | ५६५०२००२, सर्लाही | २०५६।४।२४ | गा.वि.स. मधेवनगोठ वडा नं. ८, सर्लाही | गा.पा. विषु वडा नं. ३ सर्लाही | वलीराम महतो | |
| | ऋणीको बिवरण | **पचिया देवी** | ३७०१७२६, सर्लाही | २०४५।१।२७ | गा.वि.स. छोटौल वडा नं. ९ , सर्लाही | गा.वि.स. धनकौलल वडा नं. ५, सर्लाही | रामचन्द्र राय यादव | जगेश्वर राय |
| | जमानतकर्ताको बिवरण | रामचन्द्र राय यादव | ०६०३१३६२, सर्लाही | २०४५।१।१९ | गा.वि.स. छोटौल वडा नं. ९ , सर्लाही | गा.वि.स. धनकौलल वडा नं. ५, सर्लाही | जगेश्वर राय | |

**नोटः** ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

# नेपाल लाइफले पाए स्वर्ण पुरस्कार




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो स्थापनाको २५ औं वार्षिकोत्सवको अवसरमा 'नेशनल बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड-२०२५' अन्तर्गत स्वर्ण पुरस्कार प्राप्त गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) ले काठमाडौंस्थित होटल याक एण्ड यतीमा आयोजित विशेष समारोहमा उक्त पुरस्कार प्रदान गरेको हो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली र नायब प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयालले संयुक्त रूपमा पुरस्कार ग्रहण गरेका थिए ।

आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय प्रतिवेदनको उत्कृष्ट प्रस्तुति, वित्तीय पारदर्शिता, पर्याप्त खुलासा, नेपाल वित्तीय प्रतिवेदन मान तथा अन्य लेखा मापदण्डहरूको प्रभावकारी पालना र संस्थागत सुशासनप्रतिको प्रतिबद्धताको मूल्याङ्कनका आधारमा कम्पनीलाई उक्त सम्मान प्रदान गरिएको हो ।

अवार्ड प्राप्तिपछि प्रमुख कार्यकारी अधिकृत पराजुलीले यो सम्मान सम्पूर्ण नेपाल लाइफ परिवारका लागि गौरवको विषय भएको बताउँदै यसले कम्पनीलाई अझ उच्च स्तरको वित्तीय पारदर्शिता, सुशासन र उत्कृष्ट कार्यसम्पादनतर्फ अघि बढ्न थप प्रेरणा र जिम्मेवारी प्रदान गरेको बताए । उनले सञ्चालक समिति, बीमित ग्राहक, अभिकर्ता, कर्मचारी, शेयरधनी, नियामक निकाय तथा सम्पूर्ण सरोकारवालाप्रति आभार व्यक्त गरे ।

कम्पनीका अनुसार चैत्र मसान्त २०८३ सम्म ५२ लाख ४० हजारभन्दा बढी बीमालेख जारी गरिएको छ। कम्पनीले २ खर्ब ६७ अर्ब रुपैयाँभन्दा बढीको जीवन बीमा कोष व्यवस्थापन गरिरहेको छ भने हालसम्म १ खर्ब १३ अर्ब रुपैयाँभन्दा बढी दाबी भुक्तानी गरिसकेको जनाएको छ।

त्यसैगरी, नेपाल सरकारलाई १७ अर्ब रुपैयाँभन्दा बढी राजस्व तथा कर बुझाइसकेको कम्पनीले वित्तीय स्थायित्व, सुदृढ बजार स्थिति र वित्तीय दायित्व पूरा गर्ने उच्च क्षमताका आधारमा इक्रा नेपालबाट 'ǅ- (डबल ए माइनस)' क्रेडिट रेटिङ प्राप्त गर्ने नेपालको पहिलो जीवन बीमा कम्पनी बनेको जनाएको छ।

हाल नेपालका ७७ वटै जिल्लामा १९७ वटा कार्यालय तथा ६५ हजारभन्दा बढी सक्रिय अभिकर्ता सञ्जालमार्फत सेवा दिइरहेको नेपाल लाइफले वित्तीय पारदर्शिता, संस्थागत सुशासन र ग्राहकप्रतिको प्रतिबद्धताका कारण नेपालीहरूको पहिलो रोजाइको जीवन बीमा कम्पनीका रूपमा आफ्नो नेतृत्वदायी स्थानलाई निरन्तर सुदृढ बनाउँदै आएको जनाएको छ।

कम्पनीले आगामी दिनमा पनि "विश्वास, पारदर्शिता र उत्कृष्ट सेवा" लाई मूल आधार बनाएर नेपाली नागरिकको आर्थिक सुरक्षा तथा समृद्ध भविष्य निर्माणमा निरन्तर योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेको छ।

# लाइसेन्स प्रिन्टिङ्ग प्रतिक्षामा रहेका १० वर्षमा के हुन्छ ?

**टुडे समाचारदाता**


वीरगञ्ज । सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स)सबै प्रक्रिया पूरा गरेका वर्षौंदेखि लाखौं नेपाली अझै स्मार्ट लाइसेन्स कार्डको प्रतीक्षामा छन् ।

ट्रायल परीक्षा उत्तीर्ण गरेर राजस्व बुझाएका, बायोमेट्रिक विवरण दिएका र कानुनी प्रक्रिया पूरा गरेका सेवाग्राहीले तीनदेखि चार वर्षसम्म पनि कार्ड नपाउँदा राज्यको सेवा प्रणालीमाथि नै प्रश्न उठ्दै आएको छ ।

यहीबीच सरकारले ड्राइभिङ लाइसेन्सको वैधता अवधि ५ वर्षबाट बढाएर १० वर्ष पुर्‍याउने व्यवस्था लागू गरेको छ । चार वर्ष अघिदेखि लाइसेन्सको सबै प्रक्रिया हातमा पाउने प्रतिक्षामा रहेका सेवाग्राहीका ती नियम लागू हुन्छ कि हुदैन मुख्य प्रश्य उब्जेको छ ।

२०७९, २०८० र २०८१ सालमा लाइसेन्स जारी वा नवीकरण गरेका तर अहिलेसम्म स्मार्ट कार्ड नपाएका सेवाग्राहीको हकमा नयाँ १० वर्षे व्यवस्था लागू हुन्छ कि हुँदैन ?

यस सम्बन्धमा सरकारले हालसम्म कुनै स्पष्ट सार्वजनिक सूचना वा कार्यविधि जारी नगरेको गुनासो सेवाग्राहीहरूको छ । स्मार्ट कार्ड खरिद प्रक्रियामा भएको ढिलाइ, प्राविधिक समस्या, छपाइको सुस्त




गति तथा प्रशासनिक जटिलताका कारण २०७९ सालदेखि नै देशभर ठूलो संख्यामा लाइसेन्स वितरण रोकिएको छ ।

यस अवधिमा हजारौं नयाँ चालकले लाइसेन्स निकाले भने पुराना चालकले नवीकरणसमेत गरे । तर प्रक्रिया पूरा गरेको लामो समय बितिसक्दा पनि धेरैको लाइसेन्स अनलाइन प्रणालीमा पिन्टिङ्ग वा प्रिन्टिङ्ग अवस्थामै देखिदैन ।

कार्ड नहुँदा उनीहरू ट्राफिक जाँच, बैंकिङ सेवा, बीमा दाबी, विदेश यात्रा तथा अन्य प्रशासनिक काममा समेत बारम्बार समस्या भोग्न बाध्य भएका छन्। कतिपयले अहिले पनि अस्थायी रसिदकै भरमा सवारी चलाइरहेका छन् । सरकारले भने रोकिएका स्मार्ट लाइसेन्स छपाइको काम तीव्र गतिमा अघि बढिरहेको जनाएको छ । सुरक्षण मुद्रण केन्द्रमार्फत करिब २९ लाख स्मार्ट कार्ड छाप्ने लक्ष्य राखिएकोमा २१ लाखभन्दा बढी कार्ड उत्पादन भइसकेको र बाँकी पनि क्रमशः वितरण गरिने सरकारी दाबी छ ।

यद्यपि, सेवाग्राहीले भने वितरण प्रक्रिया अपेक्षाअनुसार सहज र छिटो हुन नसकेको बताइरहेका छन् । लामो समय कार्ड नपाउँदा सेवाग्राहीहरूको मुख्य चिन्ता लाइसेन्सको पाँच वर्षे वैधता अवधि सकिन लाग्नु थियो । २०७९ सालमा लाइसेन्स बनाएका कतिपय चालक अब नवीकरणको समय नजिकिँदै गएको अवस्थामा छन् । उनीहरूको प्रश्न थियो- "राज्यले कार्ड समयमै दिन सकेन भने सेवाग्राहीले फेरि किन नवीकरण शुल्क तिर्ने ?"

यही बहस चलिरहेकै बेला सरकारले वैधता अवधि १० वर्ष बनाउने निर्णय गर्‍यो। तर नयाँ कानुन लागू भइसकेपछि पनि पुराना सेवाग्राहीको अवस्था स्पष्ट हुन सकेको छैन ।

ड्राइभिङ लाइसेन्स एउटा प्रशासनिक कागजात मात्र होइन, राज्यले नागरिकलाई प्रदान गर्ने आधारभूत सार्वजनिक सेवाको हिस्सा हो । नागरिकले आफ्नो दायित्व पूरा गरिसकेपछि सेवा उपलब्ध गराउने जिम्मेवारी राज्यको हुन्छ ।

सेवाग्राहीले परीक्षा दिएका छन्, शुल्क तिरेका छन् र आवश्यक सबै प्रक्रिया पूरा गरेका छन्। त्यसपछि पनि वर्षौंसम्म कार्ड नपाउनु र नयाँ कानुनी व्यवस्थाको प्रभावबारे जानकारी नपाउनु सार्वजनिक सेवा प्रणालीको प्रभावकारितामाथिको प्रश्न हो ।

त्यसैले अब सरकारको ध्यान केवल स्मार्ट कार्ड छाप्ने काममा मात्र सीमित नहुने विज्ञहरूको सुझाव छ। पुराना सेवाग्राहीको वैधता, नवीकरण प्रक्रिया, कानुनी अधिकार र सम्भावित शुल्क सम्बन्धी विषयमा स्पष्ट निर्णय तथा आधिकारिक सूचना सार्वजनिक गर्नुपर्ने माग बढ्दो छ ।

## प्रोटोन ई मास ५ ईभी गाडी जगदम्बाले ल्याउँदै




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रोटोन गाडीको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्स प्रा.लि.ले नयाँ प्रोटोन ई मास ५ नेपाली बजारमा ल्याउने तयारी गरेको छ । यो आफ्नो सेग्मेन्टमा नेपालकै पहिलो रियर-ह्विल-ड्राइभ कम्प्याक्ट इलेक्ट्रिक एसयूभी हुनेछ ।

यसको आगमनले नेपालको विद्युतीय सवारीसाधन बजारमा अर्को महत्वपूर्ण उपलब्धि थप्ने विश्वास गरिएको छ । प्रविधिमैत्री, उच्च कार्यसम्पादन गर्ने र वातावरणमैत्री सवारीप्रति उपभोक्ताको आकर्षण बढिरहेका बेला यो गाडीलाई उत्कृष्ट ड्राइभिङ अनुभव प्रदान गर्ने गरी विकास गरिएको हो । साथै, यसले दैनिक प्रयोग, सुरक्षा र सहजतालाई पनि समान प्राथमिकता दिएको जनाइएको छ ।

विशेष रूपमा रियर-ह्विल-ड्राइभ प्लेटफर्ममा आधारित यस गाडीमा सन्तुलित तौल वितरण, उत्कृष्ट ड्राइभिङ क्षमता, उच्च स्थायित्व तथा सहज नियन्त्रणको सुविधा रहेको छ । यी विशेषताले व्यस्त सहरी सडकदेखि राजमार्ग र नेपालको पहाडी सडकसम्म विभिन्न प्रकारका सडकमा सुरक्षित र सहज यात्रा सुनिश्चित गर्न मद्दत गर्ने कम्पनीको विश्वास छ ।

नेपालका अग्रणी अटोमोबाइल कम्पनीमध्ये एक तथा शंकर ग्रुप अन्तर्गत रहेको जगदम्बा मोटर्सले दिगो यातायात प्रणालीलाई प्रवर्द्धन गर्ने आफ्नो प्रतिबद्धतालाई निरन्तर सुदृढ बनाउँदै आएको छ । प्रोटोन ई मास ५ को आगमनले अत्याधुनिक प्रविधि, उत्कृष्ट गुणस्तर र उच्च मूल्य-प्रतिफल प्रदान गर्ने विश्वस्तरीय विद्युतीय सवारी नेपाली बजारमा उपलब्ध गराउने जगदम्बा मोटर्सको दीर्घकालीन दृष्टिलाई थप मजबुत बनाउने कम्पनीको विश्वास रहेको छ ।

यस सम्बन्धी प्राविधिक विवरण, मुख्य विशेषता, मूल्य, बुकिङ प्रक्रिया तथा औपचारिक सार्वजनिक मितिसहितका सम्पूर्ण जानकारी आगामी केही साताभित्र सार्वजनिक गरिने कम्पनीले जनाएको छ ।

# सिटिजन्स बैंक र जय नेपाल सिनेमाजबीच समझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र जय नेपाल सिनेमाजबीच बैंकका ग्राहकलाई चलचित्रको टिकट खरिदमा विशेष छुट उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ ।

मंगलबार सम्पन्न सम्झौताअनुसार सिटिजन्स बैंकका कार्डवाहक तथा मोबाइल बैंकिङ प्रयोगकर्ता ग्राहकले जय नेपाल सिनेमाजमा चलचित्रको टिकट खरिद गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् ।

बैंकका अनुसार यस सहकार्यबाट ग्राहकले प्रत्यक्ष लाभ लिनुका साथै नगद कारोबारको सट्टा डिजिटल भुक्तानीको प्रयोगलाई थप प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ । बैंकले डिजिटल बैंकिङ सेवाको विस्तार गर्दै ग्राहकलाई विद्युतीय माध्यमबाट भुक्तानी गर्न उत्प्रेरित गर्ने उद्देश्यले समय-समयमा यस्ता ग्राहकमैत्री सुविधा सञ्चालन गर्दै आएको जनाएको छ ।

डिजिटल कारोबारमा उपलब्ध छुटसम्बन्धी विस्तृत जानकारी बैंकको वेबसाइटमा हेर्न सकिनेछ ।




सिटिजन्स बैंकले हालै अन्तर्राष्ट्रिय स्तरको 'वर्षको उत्कृष्ट बैंक-२०२४' र 'वर्षको उत्कृष्ट बैंक-२०२५' उपाधि प्राप्त गरेको जनाएको छ । यसअघि बैंकले फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (आभासी कर्जा कार्ड) सञ्चालनमा ल्याएको थियो ।

त्यसैगरी बैंकले युवामुखी 'सिटिजन्स जेन-जी बचत खाता', 'सिटिजन्स डिजिटल बैंक सेवा' नामक एकीकृत अनलाइन मञ्च तथा स्वतन्त्र रूपमा सेवा प्रदान गर्ने व्यक्तिलाई लक्षित ' फ्रिलान्सर बचत खाता' समेत सञ्चालनमा ल्याएको छ। साथै मोबाइल बैंकिङ अनुप्रयोगमार्फत नै सेयर आवेदन तथा सीआरएन नम्बर सेवा लिन सकिने सुविधा उपलब्ध गराएको छ ।

यसका अतिरिक्त, अन्तरबैंक टेलर सुविधाअन्तर्गत अन्य बैंकका ग्राहकले पनि सिटिजन्स बैंकको शाखाबाट क्यूआर संकेत स्क्यान गरी नगद प्राप्त गर्न सक्ने व्यवस्था बैंकले सुरु गरेको जनाएको छ ।

हाल सिटिजन्स बैंकले देशका ६१ जिल्लामा रहेका २०० शाखा, १६८ स्वचालित नगद मेसिन, ३ विस्तारित काउन्टर तथा ४२ शाखारहित बैंकिङ इकाइमार्फत २० लाख ३९ हजारभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।


## भूमि प्रशासन कार्यालय गौर, रौतहट

### जग्गा नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गाविस औरैया वडा नं.-९ हाल ईशनाथ न.पा.-३ मा हेमन्त ठाकुर भूमिहारको नाति चन्द्रदेव ठाकुर भूमिहारको छोरा राजेन्द्र ठाकुर भूमिहार र हरेन्द्र ठाकुर भूमिहारले आफ्नो बुबा नाता पर्ने चन्द्रदेव ठाकुर भूमिहारको नाउँमा दर्ता कायम रहेको जिल्ला रौतहट साविक गा.वि.स. औरैया वडा नं.९ कित्ता नं.३२८ को ज.वि.०-३-०, ऐ.ऐ.औरैया वडा नं.९ कित्ता नं.३३२ को ज.वि.०-५-१०, ऐ.ऐ.वडा नं.९ गाउँ कित्ता नं.६३ को ज.वि.०-०-६ ऐ.ऐ.डुमरिया प.वडा नं.६ कित्ता नं.४३२ को ज.वि.०-७-५ र ऐ.ऐ.बैरिय वडा नं.१६४ को ज.वि.०-३-१८ जग्गा दर्ता कायम रहेकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको वतनमा औरैया मात्र उल्लेख रही वडा नं.तिनपुस्ते समेतको विवरण समेत नरहेको साथै चन्द्रदेव ठाकुर भूमिहार र चनर देव सि.भूमिहार र चन्द्र देव ठाकुर भूमिहार सबै नाम गरेको व्यक्ति चन्द्रदेव ठाकुर भूमिहारको सिफारिस भै आएकोमा चन्द्रदेव ठाकुर भूमिहारको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै फरक फरक नाम थर रहेकोमा दर्तावाला चन्द्रदेव ठाकुर भूमिहार मिति-२०६१/१२/१८ गतेमा प्रलोक भइ निजको १ एक मात्र पनि रामदेनी देवी मिति-२०५८/०८/२४ गतेमा प्रलोक भई निजको हकखाने हकदार तिन मात्र छोरा रहेकोमा चन्द्रदेव ठाकुर भूमिहार र हरेन्द्र ठाकुर भूमिहार गजेन्द्र ठाकुर भूमिहार रहेकोमा मोहीको १ नं.लगतमा हकदार ३ तिनजना छोराहरु उल्लेख रहेकोमा श्री रौतहट जिल्ला अदालत गौरको निवेदन नं.२०८२-०१-०००४-५२-०८२-०००२ प्रमाण पत्र नं.०२/०८२-०८३ मिति-२०८३/०३/०२ गतेको वेपत्ता वा मृत्युको न्यायिक घोषणाको प्रमाण पत्रमा गजेन्द्र सिंह भुईहारको मिति-२०५३ साल देखी वेपत्ता वा मृत्यु भएको घोषणा पत्र साथै ईशनाथ न.पा.-३ औरैयाको चलानी नं.१५३७ मिति-२०८३/०३/१५ गतेको सिफारिस पत्रमा हेमन सिंह भुईहारको नाति चन्द्रदेव ठाकुर भूईहारको छोरा गजेन्द्र सिंह भुईहार अविवाहित रहि मिति-२०५३ सालदेखी वेपत्ता रहेको भनि सिफारिस साथै भनी ईशनाथ न.पा.-३ को चलानी नं.२३६ मिति-२०८२/०६/०५ गतेको समेत सिफारिस भै आएकोले सबै भन्दा नजिकको हक खाने हकदार राजेन्द्र ठाकुर भूमिहार र हरेन्द्र ठाकुर भूमिहार भनि सिफारिस फाँटबाट लेखिआएकोले माथि उल्लेखित जग्गाको नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०३/१५ गतेको आदेश बमोजिम सोंको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वक्को वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा.नं | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | बैरिया | ४ | १६४ | ०-३-१८ | चनर देव सि भूमिहार औरैया |
| रौतहट | डुमरिया प. | ६ | ४३२ | ०-७-५ | चन्द्र देव ठाकुर भूमिहार |
| रौतहट | औरैया | ९ | ३२८ | ०-३-० | चन्द्रदेव ठाकुर भूमिहार औरैया वडा नं.-९ |
| रौतहट | औरैया | ९ | ३३२ | ०-५-१० | चन्द्रदेव ठाकुर भूमिहार औरैया वडा नं.-९ |
| रौतहट | औरैया | ९ गाउँ | ६३ | ०-०-६ | चन्द्रदेव ठाकुर भूमिहार औरैया वडा नं.-९ |


# कन्सलटेन्सी संचालनका लागि १३ कडा शर्त

**टुडे समाचारदाता**

जनकपुरधाम । शैक्षिक परामर्श संस्था (एजुकेशन कन्सल्टेन्सी) सञ्चालनका लागि नेपाल सरकारले १३ वटा कडा शर्त अघि सारेका छन् ।

शिक्षा मन्त्रालयले मस्यौदा गरेको एजुकेशन कन्सल्टेन्सी सञ्चालन सम्बन्धी नियमावलीमा १३ किसिमका शर्त अगाडि सारेको हो । त्यसमा सम्बन्धित संस्थाको आफ्नै भुकम्प प्रतिरोधी भवन हुनुपर्ने, त्यहाँ दमकल र एम्बुलेन्स पुग्नु पर्ने जस्ता शर्त छ । उक्त मस्यौदा हाल अर्थ मन्त्रालय हुँदै कानुन मन्त्रालयमा जाने प्रक्रियामा रहेको स्रोतले जानकारी दिएको छ ।

मापदण्डको पहिलो नम्बरमा 'संस्थाको आफ्नै भूकम्प प्रतिरोधकसहित कार्यालय भवन भएको हुनुपर्ने वा न्यूनतम तीन वर्षको लागि घरभाडा सम्झौता भएको हुनुपर्ने' उल्लेख छ ।

तर, त्यस्तो भवन औद्योगिक क्षेत्र र मूल सडकबाट केही टाढा, भूकम्प प्रतिरोधी हुनुपर्ने, दमकल र एम्बुलेन्स पुग्नसक्ने हुनुपर्नेजस्ता शर्त राखिँदा व्यवसाय सञ्चालनमा समस्या हुने नेपाल शैक्षिक परामर्श संघ (ईक्यान) का उपाध्यक्ष वासुदेव दाहालले बताएका छन् ।

संस्थाको इमेल, वेभसाइट र टेलिफोन हुनुपर्ने, संस्था सञ्चालन हुने भवनको कोठा भुई देखि सिलिङ सम्मको उचाई घटिमा ९ फिट हुनुपर्ने साथै प्रशस्त प्रकाश छिर्ने र क्रस भेण्टिलेशन भएको वा वातानुकूलित हुनुपर्ने, कार्यालय भवन फायरफिटिङ्ग प्रणाली जडान भएको हुनुपर्ने, प्रशासनिक कार्यका लागी छुट्टै कार्यकक्षको व्यवस्था हुनु पर्ने, भवन र भवन भित्रका पूर्वाधारहरु अपाङ्गमैत्री हुनु पर्ने शर्त राखिएको छ ।

यस्तै भवनमा सफा र सुविधा युक्त महिला, पुरुष तथा अपाङ्गता मैत्री शौचालय अलग अलग हुनुपर्ने र :गतिष(कतयचथ द्यगष्मिप्लन मा भने प्रत्येक तलामा शौचालयको व्यवस्था हुनु पर्ने, सफा र स्वाच्छ खाने पानीको निःशुल्क व्यवस्था हुनु पर्ने, सन्दर्भ सामग्री, विषयसँग संबन्धित जर्नल, म्यागाजिन, न्यूज पेपर इत्यादि उपलब्ध भएको तथा विद्यार्थीहरूलाई अध्ययन गर्न यथेष्ट स्थान भएको एक पुस्तकालयको व्यवस्था हुनु पर्ने, कक्षा कोठामा विद्यार्थीहरू हिड्न, बस्न र अध्ययन गर्न सुविधा युक्त फर्निचरको व्यवस्था हुनु पर्ने र विद्यार्थीहरूले सहज रुपमा प्रयोग गर्न सक्ने गरी इन्टरनेट सुविधाको व्यवस्था हुनुपर्ने शर्त पनि राखिएको छ ।


## लुम्बिनी विकास बैंक लिमिटेडको

### तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०३/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : गौरी ट्रेडर्स**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषा<br>दर्ता नं. : ८७७८/८३/०७३/०७४, दर्ता मिति : २०७३/०४/१४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २२, धनुषा<br>**प्रोप्राईटर : गौरी कुमारी** |
| | **नाम : राघबेन्द्र प्रसाद यादव**<br>बाबुको नाम : राम दयाल यादव, बाजेको नाम : मेसो यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा, हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : ०९६७११६८, जि.प्र.का. धनुषा, जारी मिति : २०५५/०२/१३<br>**शाखा कार्यालय : जनकपुर** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : राघबेन्द्र प्रसाद यादव**<br>बाबुको नाम : राम दयाल यादव<br>बाजेको नाम : मेसो यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : ०९६७११६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५५/०२/१३ |
| | **२. नाम : गौरी कुमारी**<br>पतिको नाम : राघबेन्द्र प्रसाद यादव<br>ससुराको नामः राम दयाल यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : १७१०७८/३०७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६८/०८/१८ |
| | **धितोको विवरण** |
| | १. गौरी कुमारीको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको बसबिट्टी - १, धनुषा स्थित कित्ता नं. १२९३, १२९६ र १२९७ को क्षेत्रफल क्रमशः ०-०-७-०, ०-०-८-० र ०-०-९-० तथा बसबिट्टी - ४, धनुषा स्थित कित्ता नं. ५२२, ५२५ र ५२८ को क्षेत्रफल क्रमशः ०-०-४-०, ०-१-१२-८ र ०-२-१८-१४ (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राघबेन्द्र प्रसाद यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको जनकपुर - ९, धनुषा स्थित कित्ता नं. ३२० र ७८ को क्षेत्रफल ०-०-२-३ र ०-०-३-० (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | **नाम : देव इन्टरटेन्मेन्ट प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं<br>दर्ता नं. : २०९६४०/०७५/०७६, दर्ता मिति : २०७५/११/१५<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा<br>**संचालक/प्रोप्राईटरहरु : शुभ चन्द्र मण्डल, रोशन कुमार साह, बलराम मण्डल** |
| | **नाम : देव कन्सट्रक्सन**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषा<br>दर्ता नं. : ८४१०/१३४/०७२/७३, दर्ता मिति : २०७२/१२/०८<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा |
| | **नाम : आशा देवी मण्डल**<br>पतिको नाम : शुभ चन्द्र मण्डल, ससुराको नाम : हरिश्चन्द्र मण्डल केवट<br>ठेगाना : हठीपुर हरबाडा - १, धनुषा<br>ना.प्र.प.नं. : ३६५५, जि.प्र.का. धनुषा, जारी मिति : २०५८/०३/२७<br>**शाखा कार्यालय : जनकपुर** |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : शुभ चन्द्र मण्डल**<br>बाबुको नाम : हरिश्चन्द्र मण्डल केवट<br>बाजेको नाम : हरिहर मण्डल<br>ठेगाना : हठीपुर हरबाडा - १, धनुषा<br>ना.प्र.प.नं. : ३५००२१८१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०१/०३ |
| | **२. नाम : आशा देवी मण्डल**<br>पतिको नाम : शुभ चन्द्र मण्डल<br>ससुराको नाम : हरिश्चन्द्र मण्डल केवट<br>ठेगाना : हठीपुर हरबाडा - १, धनुषा<br>ना.प्र.प.नं. : ३६५५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०३/२७ |
| | **३. नाम : बलराम मण्डल**<br>बाबुको नाम : जनक मण्डल केवट<br>बाजेको नाम : झौली मण्डल<br>ठेगाना : प्र.को महुवा - ७, धनुषा<br>ना.प्र.प.नं. : ५७९१०६२२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०६/२३ |
| | **२. नाम : रोशन कुमार साह**<br>बाबुको नाम : ओपिन्द्र साह सुडी<br>बाजेको नाम : राम बरण साह सुडी<br>ठेगाना : गोपालपुर - ८, धनुषा<br>ना.प्र.प.नं. : ३३७४४८८८८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/०६/२० |
| | **नाम : हरिश्चन्द्र मंडल केवट**<br>बाबुको नाम : हरिहर मंडल, बाजेको नाम : बाबुलाल मंडल<br>ठेगाना : हडवाडा - १, धनुषा<br>ना.प्र.प.नं. : ३५०००१८३, जि.प्र.का. धनुषा, जारी मिति : २०३३/०७/०७ |
| | **धितोको विवरण** |
| | १. बलराम मण्डलको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको बेगा शिवपुर - ७ ख, धनुषा स्थित कित्ता नं. २१९३ को क्षेत्रफल ०-०-११-७ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. हरिश्चन्द्र मंडल केवटको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको हडवारा - १ क, धनुषा स्थित कित्ता नं. ९८ को क्षेत्रफल ०-१५-२-० (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. लुम्बिनी विकास बैंक धनी भई देव कन्सट्रक्सन ऋणीको नाममा यातायात व्यवस्था कार्यालय जनकपुरमा दर्ता रहेको सवारी नं. प्रदेश २-०२००१ च ०३०० रहेको Brezza-2DI+Dual-2019 1248CC - १ थान । |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६

# आगामी बजेट कार्यान्वयनमा समस्या हुने

टुडे समाचारदाता

जनकपुरधाम। टुक्रे योजना निरुत्साहित गर्ने भनी एक करोडभन्दा माथिको योजनासहितको मधेश प्रदेश सरकारले ल्याएको बजेट झन जटिल बनाइएको छ।

बिते‌को असार १ गते अर्थमन्त्री युवराज भट्टराईले बजेट प्रस्तुत गर्दै एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने, नयाँ सवारीसाधन खरिद रोक्ने, अनुत्पादक खर्च कटौती गर्ने र पुँजीगत निर्माणलाई प्राथमिकता दिने नीति अख्तियार गरिएको बताएका थिए।

सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखे पनि एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेर झन भद्रगोल गरिदिएको आरोप लगाइएको छ।

प्रतिपक्षी दलका प्रदेश सांसदहरूले यो बजेट त चल्ने नसक्ने अवस्थाको रहेको बताएका छन्।

कुल रकम एक करोड वा त्यसभन्दा बढी देखाइए पनि भित्री विवरणमा ३ देखि १० वटासम्म योजना समेटिएकाले एक त टेण्डर नै कसैले लिन मान्दैन, यदि टेण्डर लिएपनि कामै नगर्ने अवस्था आउने निश्चित रहेको सत्तारुढ दलकै एक सांसदले बताएका छन्।

उनका अनुसार एउटै शीर्षकभित्र मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै समेटिएको छ। पाँचदेखि सात वटासम्म साना योजना एउटै शीर्षकभित्र राखिँदा ठेक्का प्रक्रिया, कार्यान्वयन क्षेत्र, प्राविधिक मूल्यांकन, भुक्तानी र विवाद समाधानमा समस्या आउने सरोकारवालाहरू बताउँछन्।

विगतमा १० लाख, १५ लाखका खुद्रे योजना सिधै रातो किताबमा राखिँदा प्रदेश सरकारको चर्को आलोचना हुने गरेको थियो। यसपटक आलोचनाबाट बच्न र नीतिगत रूपमा टुक्रे योजना रोकेको देखाउन सरकारले नयाँ उपाय अपनाएको देखिन्छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको एक करोड रुपैयाँको एउटा योजनामा महोत्तरी र धनुषाका विभिन्न स्थानका धार्मिक तथा सामुदायिक संरचना समेटिएका छन्।

महोत्तरीको जलेश्वरस्थित मदरसा स्तरोन्नति, जनकपुरधाम उपमहानगरपालिका-२१ को कब्रस्तान बाउन्ड्री वाल, लोहारपट्टी र मटिहानीको मदरसा र जलेश्वरकै इदगाह निर्माण तथा स्तरोन्नतिलाई एउटै शीर्षकमा राखिएको छ। सोही मन्त्रालयको अर्को एक करोड रुपैयाँको शीर्षकमा सीताराम विवाह मण्डप ट्रस्ट निर्माण, जनकपुरधाम-८ स्थित बिहार कुण्ड क्षेत्रको मन्दिर सौन्दर्यीकरण तथा धनुषाको नगराइनमा रहेको सलहेश मन्दिर स्तरोन्नति समेटिएको छ।

सिँचाइ तथा खानेपानी तर्फ धनुषाको बटेश्वर गाउँपालिकाका विभिन्न वडामा व्यक्तिको जग्गामा बोरिङ निर्माण तथा मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र नगराइन क्षेत्रका पावर ड्रिल बोरिङलाई एउटै शीर्षकमा राखिएको छ।


भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको बजेट विवरण अझ बढी अव्यवस्थित देखिन्छ। महोत्तरीको जलेश्वरमा सडक ढलान तथा रिटेनिङ वाल, मनरासिसवा नगरपालिकाको विद्यालयमा अधुरो भवन निर्माण, डेस्क-बेन्च व्यवस्थापन र कम्पाउन्ड वाल स्तरोन्नतिलाई एउटै एक करोडको शीर्षकमा राखिएको छ। यस्तै बजेट गत आर्थिक वर्ष २०८१/०८२ मा समेत तयार पारिएको थियो। लामो समयसम्म बजेट चल्न नसकेपछि संकल्प प्रस्ताल ल्याएर पुन खुद्रे योजनामा परिवर्तन गरी कार्यान्वयनमा ल्याइएको थियो।

एक करोडको शीर्षकभित्र फरक भूगोल र फरक प्रकृतिका योजना राख्दा कार्यान्वयनमा कानुनी र व्यवहारिक समस्या आउने पूर्वमन्त्री मनिष सुमन बताउँछन्। उनी भन्छन यदि कुनै शिर्षकको बहुयोजना अन्तर्गत एउटा काममा समस्या पर्‍यो भने अन्य योजना पनि प्रभावित भई पुरा शिर्षककै योजना रोकिने निश्चित छ।

जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंह पनि बजेटमा अव्यावहारिक रूपमा कार्यक्रम राखिएकाले कार्यान्वयनमा कठिनाइ आउने तर्क गर्छन्।

सरकारको घोषणा र रातो किताबको विवरणबीच मेल नदेखिएको उनले टिप्पणी गरेका छन्।

अर्थमन्त्री युवराज भट्टराई भने केही शीर्षकमा मात्रै यस्तो देखिएको दाबी गर्छन्। पुराना योजनाको बाँकी काम पूरा गर्न दुईतीन वटा योजनालाई जोडेर बजेट दिनुपरेको उनको भनाइ छ। उनी भन्छन "संघीय बजेटमा पनि यस्तै परिपाटी छ। कतिपय पुराना योजना थोरै रकमले पूरा हुने अवस्थामा छन्, त्यसैले केही शीर्षकमा यस्तो देखिएको हो, ठूलो समस्या आउँछ जस्तो लाग्दैन। समस्या आए समाधान गरेर अघि बढ्छौँ।"




# सेनाले संघीयता नचाहेको हो : राउत



टुडे समाचारदाता

जनकपुरधाम। नेपाली सेनाले संघीयता कहिले पनि नचाहेको कारण नै प्रदेशविरुद्ध भ्रम फैलाइएको जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आरोप लगाएका छन्।

संघीयता कार्यान्वयनसम्बन्धी मंगलबार काठमाडौँमा आयोजित समारोहमा राउतले नेपालका केही स्थायी संरचनाले संघीयता पटक्कै मन नपराएको आरोप लगाएका हुन्।

'नेपाली सेनाले संघीयता चाहँदैन, सिधा कुरा छ, उसले सार्वभौमसत्ता खण्डित भएको देख्न चाहँदैन। त्यही भएर उसले जहिले पनि भ्रम सृजना गर्छ, नेपालका नेता खराब, सार्वभौमसत्ता संसद् भनेर भ्रम सृजना गर्छ,' राउतले भने।

नेपालको अर्को स्थायी संरचना कर्मचारीतन्त्रले पनि संघीयता नचाहेको उनको आरोप थियो। फरक प्रसंगमा राउतले संसद्बाट संविधान संशोधन भन्दा पनि संविधान नै फालिने खतरा रहेको बताए।

'गत भदौमा जुन भयो, त्यो संवैधानिक थिएन, संविधान फालिदैआँ फालिदैआँ भनेर सुनेका हौँ।

अहिले पनि जो भाष्य निर्माण गरिँदैछ, औपचारिक रूपमा संसद् बाट संविधान संशोधन गर्ने कि नगर्ने भन्दा पनि हामी यस्तो माहोल तयार गर्दैछौँ, जुन यति आक्रामक छ, भोलि संविधान फाल्ने दिशामा जान सक्छ, मेरो डर त्यहाँ छ,' राउतले भने।

# खैरो हिरोइनसहित एक पक्राउ




टुडे समाचारदाता

राजविराज। सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नम्बर-२ बाट प्रहरीले लागु औषध खैरो हेरोइन सहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा खडक नगरपालिका-५ खोजपुर घर भएका ६२ वर्षीय अमिन चौधरी रहेको जनाइएको छ।

मधेस प्रदेश-०१-००५ प २८८३ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकलको टुलबक्समा लुकाएर ल्याएको अवस्थामा १०३ ग्राम ७५० मिलिग्राम खैरो हेरोइन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका एक जना अधिकृतले बताए। चेकजाँच गर्दा उनको साथमा थप १ ग्राम ४८० मिलिग्राम खैरो हेरोइन भेटिएको छ।

मंगलबार इलाका प्रहरी कार्यालय कडरबोनाका इन्स्पेक्टर श्यामसिंह पोखरेलको कमाण्डमा खटिएको टोलीले आरोपीलाई विष्णुपुर-बोदेबर्साइन सडक खण्डबाट उनलाई पक्राउ गरेको हो। आरोपीमाथि इलाका प्रहरी कार्यालय कडरबोनाले अनुसन्धान गरिरहेको छ।

# फरार १० प्रतिवादी पक्राउ

टुडे समाचारदाता

रौतहट। विभिन्न मुद्दामा दोषी ठहर भई जिल्ला अदालत रौतहटबाट सजाय तथा जरिवाना तोकिएपछि लामो समयदेखि फरार रहेका १० जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादी पक्राउ गर्ने विशेष अभियानअन्तर्गत विभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ।

पक्राउ परेकामध्ये अधिकांश चेक अनादर मुद्दाका प्रतिवादी रहेका छन् भने कुटपिट तथा लेनदेन




बिगोसम्बन्धी मुद्दाका प्रतिवादी पनि रहेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमका अनुसार पक्राउ पर्नेमा गरुडा नगरपालिका-५ का ओमनाथ गिरी, शिवशंकर पाण्डे र राकेश कुमार जैसवाल, गरुडा-३ का पनिलाल सहनी, कटहरिया नगरपालिका-७ का सोनालाल भगत, माधवनारायण नगरपालिका-४ का परशुराम यादव र राजदेव यादव तथा गढीमाई नगरपालिका-९ का रामईश्वर सहनीलगायतका प्रतिवादी रहेका छन्।

प्रहरीका अनुसार अदालतले तोकेको कुल ६ हजार ७०० रुपैयाँ जरिवाना असुल गरी फैसला कार्यान्वयनका लागि पक्राउ परेका सबै प्रतिवादीलाई मंगलबार जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको छ।

प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादी खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिने बताएका छन्।

# निलम्बित मेयर थापा तारेखमा रिहा

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापा साधारण तारेखमा रिहा भएको छ। राजस्व चुहावटसम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले साधारण तारेखमा राखेर रिहा गर्न आदेश दिएको हो।

विशेष अदालतका न्यायाधीश हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले मंगलवार थापालाई साधारण तारेखमा राख्न आदेश दिएको हो। थापाले बुधवार नै अदालतमा उपस्थित हुन निवेदन दिएका थिए। धुनछेक बहसपछि अदालतले उनलाई धुनामा नराखी साधारण तारेखमा राख्ने आदेश दिएको हो।

'भरत ताल' निर्माणका क्रममा भएको ५८ करोड ६२ लाख रुपैयाँ बराबरको राजस्व चुहावटसम्बन्धी भ्रष्टाचार मुद्दामा अदालतले थापालाई धुनामा नराखी मुद्दाको प्रक्रिया अघि बढाउने निर्णय गरेको हो।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० माघ २८ गते तत्कालीन मेयर भरत थापा, उपमेयर लिलाकुमारी मोक्तानसहित १३ जनाविरुद्ध राजस्व चुहावटसम्बन्धी भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको थियो।

अख्तियारका अनुसार सागरनाथ वन विकास परियोजनाअन्तर्गत पर्ने क्षेत्रमा बागमती माछा पोखरी (भरत ताल) निर्माणका क्रममा सात करोड ३८ लाख ९३ हजार क्यूफिट वन पैदावार कानुनविपरीत उत्खनन तथा बिक्री गरी ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँ राजस्व चुहावट गरिएको थियो। उक्त मुद्दामा तत्कालीन मेयर भरत थापा मुख्य प्रतिवादी छन्।

मुद्दामा सागरनाथ वन विकास परियोजनाका तत्कालीन प्रमुख विशाल घिमिरे, देवेशमणि त्रिपाठी, नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेललगायत १३ जनालाई प्रतिवादी बनाइएको छ।

# वन्यजन्तुको संरक्षण पनि प्राथमिकता राख्न जोड

टुडे समाचारदाता

जनकपुरधाम। वनलाई मात्र होइन वन्यजन्तुको संरक्षणलाई पनि प्राथमिकतामा राख्नुपर्नेमा मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले जोड दिएका छन्।

धनुषाको ढल्केबरमा वन तथा वन्यजन्तु सम्बन्धी आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै मधेश प्रदेशका वन तथा वातावरण मन्त्री शङ्कर प्रसाद चौधरीले वन तथा वनमा बस्ने वन्यजन्तु मानवको शत्रु नभई मित्र भएको बताउँदै सह-अस्तित्वको साथ व्यवस्थापन जरुरी रहेको बताए।

उनले वन्यजन्तु मानवको शत्रु नभई मित्र भएको बताउँदै वन क्षेत्रमा चरिचरण तथा पिउने पानीको अभाव भएपछि वन्यजन्तुहरू बस्तिमा पसेर कहिले काहीँ मानव तथा वन्यजन्तुका बीचमा द्वन्द्व हुने गरेको बताए।

मधेश प्रदेशका वन निर्देशक जगन्नाथ प्रसाद जयसवालले चालु आर्थिक वर्षमा निर्देशनालयले वन्यजन्तुको आक्रमणमा परेर मृत्यु भएका ४ जनालाई १० लाखको दरले क्षति पूर्ति दिनुका साथै ५५ जना कृषकलाई बालीनाली नष्ट गरेका कारणले राहत दिने गरेको बताए।

डिभिजन वन कार्यालय धनुषाका प्रमुख एवं वन विज्ञ विनोद सिंहले मानव सहितको चुरे र वन्यजन्तुको संरक्षण आवश्यक भएको बताउनुभयो। विक्रम संवत् १९६४ सालमा नेपालमा वन क्षेत्र ३९.६ प्रतिशत रहेकोमा अहिले वन संरक्षणका कारणले अहिले बढेर ४६.०८ प्रतिशत पुगेको सिंहले बताए।



वन तथा वन्यजन्तुबीच सन्तुलन कायम गर्दै वैज्ञानिक वन व्यवस्थापन गरिनुपर्नेमा यस क्षेत्रका विज्ञ वक्ताहरुले जोड दिएका थिए। उनीहरुले अब मानव बिनाको चुरे वा वनको संरक्षण कठिन भएको बताउँदै यसैमा मानव सहितको वन्यजन्तुको वैज्ञानिक व्यवस्थापन आवश्यक भएको बताए।

वन क्षेत्रमा चरीचरण, खानेपानी तथा अन्य प्रकारको आहारको कमी हुँदै गएका कारणले वनमा आश्रित भएका वन्यजन्तुहरू बस्तिमा पसेर धनजनको क्षति गर्ने गरेको बताउँदै वनमा नै खानेपानी तथा आहाराको व्यवस्थापन जरुरी रहेको कुरामा जोड दिएका थिए।

कार्यक्रममा सहभागी वन क्षेत्रका अधिकारीहरुले चुरे क्षेत्रको संरक्षण, अवैध वन पैदावार ओसारपसार नियन्त्रण, वन अतिक्रमण रोकथाम, वन डढेलो नियन्त्रण तथा सामुदायिक वनको प्रभावकारी व्यवस्थापनमा सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा राखेका थिए।

वन संरक्षणका नीति प्रभावकारी भए पनि कार्यान्वयनमा बजेट, जनशक्ति र प्राविधिक स्रोतको अभावले अपेक्षित उपलब्धि हासिल गर्न कठिन भइरहेको उनीहरूको भनाइ थियो। वक्ताहरूले जलवायु परिवर्तनको असर सबैभन्दा बढी वन क्षेत्रमा देखिन थालेको उल्लेख गर्दै वन विनाशसँगै जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान समेत जोखिममा पर्दै गएको बताए।

# त्रिलोकी यादवको कुस्तिमा दमदार यात्रा

सञ्जय मिश्रा

रौतहट। रौतहटको गरुडा नगरपालिका-७ पिपरिया दोस्तियाका युवा कुस्ती खेलाडी त्रिलोकी प्रसाद यादवले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै जिल्लाको नाम खेलकुद क्षेत्रमा चम्काएका छन्।

लगातारको मेहनत, अनुशासन र लगनशीलताले उनी रौतहटबाट अन्तर्राष्ट्रिय स्तरमा कुस्ती खेल्ने पहिलो खेलाडीका रूपमा परिचित बनेका छन्।

स्वर्गीय सन्तलाल राय यादवका नाति तथा रामनरेश प्रसाद यादवका छोरा त्रिलोकीले नेपालको प्रतिनिधित्व गर्दै कजाकिस्तानमा आयोजित काजाक कुरेस विश्व च्याम्पियनसिप, किर्गिस्तानमा सम्पन्न फ्रिस्टाइल रेस्लिङ एसियाली च्याम्पियनसिप, बेल्ट रेस्लिङ एसियाली च्याम्पियनसिप, पुनः कजाकिस्तानमा आयोजित काजाक कुरेस प्रतियोगिता तथा चीनमा सम्पन्न अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगितामा सहभागिता जनाइसकेका छन्। उनका यी सहभागिताले नेपाली कुस्तीलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउन समेत योगदान पुऱ्याएको छ। राष्ट्रिय प्रतियोगितामा पनि त्रिलोकीको प्रदर्शन उत्तिकै प्रभावशाली रहेको छ। २०८३ असार ५ गते जनकपुरमा सम्पन्न राष्ट्रिय कुस्ती प्रतियोगिताको ९७ केजी तौल समूहमा स्वर्ण पदक जितेका उनले २०८३ असार १५ गते काठमाडौंस्थित दशरथ रंगशालामा आयोजित रामवृक्ष राष्ट्रिय कुस्ती प्रतियोगितामा पनि सोही तौल समूहमा स्वर्ण पदक जित्दै आफ्नो उत्कृष्ट लयलाई कायम राखेका छन्।



आफ्नो सफलताको श्रेय त्रिलोकीले परिवार, गुरु र साथीभाइलाई दिएका छन्। आमाबुबाको प्रेरणा, गुरुहरूको आशीर्वाद, साथीहरूको साथ तथा विशेषगरी दाइ बिके यादव र भाइ सुजित यादवको निरन्तर सहयोगले आफू यो स्थानसम्म आइपुगेको उनले बताए। साथै, प्रशिक्षणमा सहयोग गर्ने सम्पूर्ण प्रशिक्षक, विभाग र शुभेच्छुकहरूप्रति उनले हार्दिक कृतज्ञता व्यक्त गरेका छन्।

रौतहट प्रायः फुटबल, क्रिकेट र भलिबलका कारण चर्चामा रहने भए पनि त्रिलोकी यादवले कुस्तीजस्तो परम्परागत खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता हासिल गरेर जिल्लाको खेल इतिहासमा नयाँ अध्याय थपेका छन्। आवश्यक प्रशिक्षण, आधुनिक पूर्वाधार र राज्यको उचित प्रोत्साहन प्राप्त भए उनी भविष्यमा नेपालका लागि दक्षिण एसियाली, एसियाली तथा विश्वस्तरीय प्रतियोगितामा पदक जित्ने सम्भावना बोकेका प्रतिभावान खेलाडीका रूपमा स्थापित हुन सक्ने खेलकर्मीहरूको विश्वास छ।

# जनमैत्री सेवा र अनुशासन डिआईजीको निर्देशन

टुडे समाचारदाता

रौतहट। प्रहरी संगठनको मर्यादा र व्यावसायिकता कायम राख्न प्रहरी आचरणविपरीतका कुनै पनि गतिविधिमा संलग्न नहुन मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआईजी) ओमप्रसाद अधिकारीले मातहतका प्रहरी कर्मचारीलाई कडा निर्देशन दिएका छन्।

मधेश प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेपछि पहिलो पटक मंगलबार रौतहट आएका डिआईजी अधिकारीले जिल्ला प्रहरी कार्यालय रौतहटको निरीक्षण तथा निर्देशन कार्यक्रमलाई सम्बोधन गर्दै नागरिकको विश्वास जित्ने गरी सेवा प्रवाह गर्न प्रहरी कर्मचारीलाई आग्रह गरेका थिए।

निरीक्षणका क्रममा उनले जिल्ला प्रहरी कार्यालयको भवन, विभिन्न शाखा, क्वार्टर गार्ड, ब्यारेक तथा मेसको अवस्था अवलोकन गरेका थिए। त्यसपछि आयोजित निर्देशन कार्यक्रममा उनले लागुऔषध नियन्त्रण, अवैध चोरी-पैठारी नियन्त्रण, शान्ति सुरक्षा, अपराध नियन्त्रण र विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेर उच्च व्यावसायिक निष्ठा, अनुशासन, असल आचरण, आपसी सद्भाव तथा सामूहिक भावनाका साथ जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएका हुन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजालका अनुसार डिआईजी अधिकारीले संगठनले तय गरेको मिडिया नीति विपरीत सामाजिक सञ्जालको दुरुपयोग नगर्न, गैरव्यावसायिक आर्थिक लाभका गतिविधिबाट टाढा रहन तथा प्रहरी आचरणविपरीतका कुनै पनि कार्यमा संलग्न नहुन स्पष्ट निर्देशन दिएका थिए।

उनले बलप्रयोग गर्नुपर्ने अवस्था सिर्जना भए मानव अधिकारको पूर्ण सम्मान र संरक्षण गर्दै कानुनसम्मत, अनुशासित र व्यावसायिक ढंगले कार्यसम्पादन गर्नुपर्नेमा जोड दिए। साथै प्रहरी कर्मचारीलाई शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहन, व्यक्तिगत तथा व्यावसायिक समस्या वा गुनासा निर्धारित प्रक्रियाअनुसार प्रतिवेदन गर्न पनि आग्रह गरेका थिए।

डिआईजी अधिकारीले इलाका प्रहरी कर्मचारीका पिरमर्का तथा गुनासो संगठनले तोकेको विधि र प्रक्रियाअनुसार सम्बोधन गरिने उल्लेख गर्दै जनमैत्री, जिम्मेवार र अनुशासित प्रहरी सेवामार्फत नागरिकको विश्वास अझ बलियो बनाउन निर्देशन दिएका छन्।

निर्देशन कार्यक्रममा एसपी सिताराम रिजाल, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्य, इलाका प्रहरी कार्यालय चन्द्रपुरको प्रमुख डीएसपी रुपा लावुड तथा जिल्लाभरका सबै प्रहरी युनिट प्रमुखहरूको उपस्थिति रहेको थियो।

यसअघि मंगलबार बिहान डिआईजी अधिकारीले इलाका प्रहरी कार्यालय गरुडाको समेत निरीक्षण गरेका थिए। करिब दुई साताअघि मधेश प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेका उनले सोमबार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षण तथा निर्देशन दिएका थिए। रौतहटको कार्यक्रम सम्पन्न गरेपछि उनी मंगलबार नै जिल्ला प्रहरी कार्यालय बारा तर्फ प्रस्थान गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८